सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ११८ ♦ २०८१ साल मंसीर २२ गते शनिवार ♦ 7 Dec 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# विवाह पञ्चमीमहोत्सव हेर्न लाखौंको भीड उर्लियो







**खबर दर्पण समाचारदाता**

**मंसीर २१ गते, जनकपुरधाम**

राम जानकी विवाहमहोत्सवको मुख्य दिन दिउँसो स्वयम्वर र राती विवाह सम्पन्न भएको छ। शुक्रबार रंगभूमि मैदान (बाहविघा)मा स्वयम्बर कार्यक्रम सम्पन्न भएको छ। मेला, महोत्सव हेर्न जनकपुर धाममा लाखौंको भीड उर्लिएको छ। मेला भर्न नेपाल र भारतको विभिन्न स्थानबाट श्रद्धालुहरु जनकपुरधाम आएका छन् ।

शुक्रवार राम मन्दिर र जानकी मन्दिरबाट डोला निकाली र ंगभूमि मैदान बाह्रविघामा गएर स्वयंवर कार्यक्रमको आयोजना गरिएको थियो। स्वयंबर हुनु अघि शोभायात्रा निकालिएको थियो ।

जानकी मन्दिरबाट जानकीको तथा राम मन्दिरबाट रामको डोला (डोली) बाजागाजा सहित शोभायात्रा सुरु गरिएको थियो। नेपाली सेनाको सांगीतिक टोलीले मंगलध्वनी बजाउँदै शोभा यात्रामा सहभागी हुँदा हजारौं श्रद्धालुहरुले जयजयकार गर्दै थिए। शोभायात्रा निकाल्ने तयारी भइरहँदा हेलिकोप्टरबाट पुष्पवर्षा गरेर हर्षबढाई गरिएको थियो ।

सर्वसाधारणले सडक पेटी र आ-आफ्ना घरको कौसीबाट शोभायात्रा हेर्न झुम्मिएका थिए। शोभायात्राको भिड नियन्त्रण गर्न सुरक्षाकर्मी तथा स्वयंसेवकहरुलाई हम्मे हम्मे परेको थियो ।

शुक्रवार राती जानकी मन्दिर को परिसरमा निर्माण भएको आकर्षक विवाह मण्डपमा मिथिला परम्पराअनुसार भगवान् श्रीराम तथा माता सीताको प्रतिकात्मक विवाह सम्पन्न भएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिए। र शनिवार रामकलेवा भएसँगै विधिवत रुपमा विवाहपञ्चमी सम्पन्न हुनेछ ।

त्रेता युगमा राम जानकीको विवाह भएको अवसर पारी मंसिर शुक्ल पञ्चमीको दिन सीताको जन्मस्थल जनकपुर धाममा प्रत्येक वर्ष विशेष महोत्सव आयोजन हुँदै आएको छ। तत्कालीन मिथिलाका राजा जनकले गर्नु भएको प्रतिज्ञा अनुसार अयोध्याका नरेश राजा दशरथका ज्येष्ठ सुपुत्र भगवान् श्रीरामले भगवान् शिवको पीनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएको थियो ।


धनुषमा प्रत्यञ्चा चढाएपछि मर्यादा पुरुषोत्तम भगवान् श्रीरामको शुभ विवाह आजैको पावन तिथिमा माता सीतासँग सम्पन्न भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा विवाह पञ्चमी महामहोत्सव सप्ताहव्यापी रुपमा मनाउने चलन रहेको छ।



शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# विवाह पञ्चमी महोत्सवको अवसरमा निःशुल्क स्वास्थ्य शिविर

**खबर दर्पण समाचारदाता**

**मंसीर २० गते, जनकपुरधाम**
त्रेता युगमा मिथिला नरेश राजा जनककी पुत्री सीता र अयोध्या नरेश दशरथका पुत्र भगवान् रामको विवाहको सम्झनामा प्रत्येक वर्ष विवाह पञ्चमी महोत्सव जनकपुर धाममा भव्य रूपमा मनाइने गरिन्छ।

यस अवसरमा अयोध्याबाट जन्ती जनकपुरधाम आउने परम्परा रहेको छ।यसै अवसरमा नेपाल-भारत खुला सिमा संवाद समूह र क्लोथ बैंक धनुषा नेपालले संयुक्त रूपमा निःशुल्क यात्री विश्राम, स्वास्थ्य शिविर, पिउने पानीको व्यवस्था,र यात्री सहायता परामर्श केन्द्र स्थापना गरेका छन्।

शिविरको दोश्रो दिन सम्म करिब २५०० भन्दा बढीले स्वास्थ्य सेवा लिइएको संस्थाका अध्यक्ष डा. राजीव झा ले जानकारी दिए ।नेपाल भारत खुला सिमाका कारण भारतको बिहार उत्तर प्रदेश पश्चिम बंगालबाट लाखौंको संख्यामा भक्तजनहरु राम जानकी विवाह हेर्न आउने गरेको छन्।खुला सिमा नेपाल भारत बिचको मैत्री सम्बन्धका आधार स्तम्भ हुन शिबिरमा आएका यात्रीहरुको भनाइ रहेको छ।

शिविर शुक्रवार बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म सञ्चालन हुने र त्यसपछि यात्री विश्राम स्थलमा परिवर्तन गरिनेछ। शिविरमा डा. अजय मिश्र, डा. उदय झा, सिअहेव दिलीप मिश्र, उज्ज्वल झा, शशी सिंह र सोनु यादव लगायतका स्वास्थ्यकर्मीहरूले निःशुल्क सेवा प्रदान गरिरहेका छन्।जसपा नेता तथा प्रदेश सभा सदस्य माननीय मनिष सुमन,जिसस प्रमुख राम नन्दन मंडलले संस्थाको प्रयासको प्रशंसा गर्दै समाजसेवाको यो पहललाई प्रेरणादायी बताए।

शुभकामना दिनेहरुमा प्रमोद चौधरी,डा बिरेन्द्र लाल कर्ण,प्रध्यापक देबेन्द्र झा लगायतको सहभागीता रहेको थियो । शिविरमा नेपाल-भारत खुला सिमा संवाद समूहका उपाध्यक्ष शैलेन्द्र झा, प्रदेश सह संयोजक रघुनाथ यादव दिपक,धनेश्वर ठाकुर, मनिष ठाकुर, कृष्ण कुमार साह र क्लोथ बैंकका उपाध्यक्ष पुरन साह, कोषाध्यक्ष रुवी झा, सचिव मनिष श्रीओम, कार्यक्रम संयोजक रञ्जित झा, खुशबु साह, नन्दकुमार झा लगायतको उपस्थिति रहेको जानकारी प्रवक्ता प्रमोद साह रङ्गीले जानकारी दिए।

यो शिविरले विवाह पञ्चमी महोत्सवमा सहभागी तीर्थयात्रीहरूलाई सहज र सुरक्षित वातावरण प्रदान गर्ने उद्देश्य राखेको छ।









## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बिरामी बोकेको एम्बुलेन्सबाट लागु औषध सहित एक पक्राउ








**खबर दर्पण समाचारदाता**
**मंसीर २१ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासबाट काठमाण्डौकोलागी बिरामी बोकेको एम्बुलेन्स भित्र लुकाएर लैजाँदै गरेको लागुऔषधसहित एकजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बर्दिवासबाट बिरामी लिएर बिपी राजमार्ग हुँदै गईरहेको एम्बुलेन्स र त्यसका चालकलाई बिहिवार राती ९ बजे काभ्रेपलाञ्चोक जिल्लाको मंगलटार स्थित वि.पि.राजमार्गमा रहेको प्रहरी चेकप्वाईट र ई.प्र.का.मंगलटार बाट खटिएको प्रहरीको संयुक्त टोलीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

लागुऔषध ब्युरो शाखा कार्यालय बर्दिवासले दिएको बिशेष सुचनाको आधारमा ज.१.च.१९०८ नम्बरको एम्बुलेन्स सहित त्यसका चालक धनुषाको धनुषाधाम नगर पालिका वडा नं.६ हरिपुर बस्ने बर्ष ४४ को सुरेश मिजारलाई नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ ।

प्रहरीले एम्बुलेन्सबाट लागु औषध डाईजेपाम १ सय थान फेनेरगन १ सय थान र बुप्रेनोफाईन १ सय थानगरी जम्मा ३ सय थान बरामद गरिएको ईलाका प्रहरी कार्यालय मंगलटारले जनाएको छ। सो घटनाको बिषयमा थप अनुसन्धान भईरहेको बताईएको छ।

# धनुषामा एक महिलाको विभत्स हत्या, टाउको र शरीर छुट्टाछुट्टै स्थानमा भेटियो

**खबर दर्पण समाचारदाता**
**मंसीर २१ गते, जनकपुरधाम**

धनुषामा एक महिलाको विभत्स हत्या भएको छ ।

विदेह नगरपालिका-५ मुरिबा टोलकी ४० वर्षीया रामपरी देव ठाकुर वडहीको हत्या भएको हो ।

शीरछेदन भएको उनको शव नग्न अवस्थामा घरभन्दा करिब डेढ किलोमिटर टाढा शिवनारायण मण्डलको खेतमा भेटिएको थियो । उनको टाउको भने कमला नदीको नहरमा भेटिएको छ । धारिलो हतियार ले घाँटी छिनाएर उनको हत्या भएको धनुषा प्रहरीले जनाएको छ । हत्या भएकी महिलाको श्रीमान लामो समयदेखि वैदेशिक रोजागारमा छन् । मृतकका कान्छो छोराका अनुसार मंगलबार अपराह्न रामपरी घाँस काट्न भन्दै घर बाट निस्किएकी थिइन् । अबेर साँझसम्म घर नफर्किएपछि खोजतलास सुरु गरिएको थियो । तर त्यसको भोलिपल्ट रामपरीको विभत्स हत्या भएको अवस्थामा शव फेला परेको धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मटिहानी नगरपालिका द्धारा अपाङ्गलाई व्हील चेयर बितरण

**खबर दर्पण समाचारदाता**
**मंसीर २१ गते, बर्दिवास**

महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले ३३ औ अन्तर्राष्ट्रीय अपाङ्ग दिवसको अवसरमा विभिन्न वड़ामा रहेका अशक्त अपाङ्गहरुलाई व्हील चेयर बितरण गरेका छन ।


पालिका भित्रका १८ जना शारीरिक अपाङ्गता भएकाहरुलाई मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले आज मटिहानीमा एक कार्यक्रमको बीच सो व्हील चेयर बितरण गर्नुभयो ।


सो अवसरमा बोल्नु हुँदै मेयर मंडलले व्हील चेयर बितरणले पूर्ण रुपमा अपाङ्ग भएकाहरुलाई कामकाजमा सहयोग पुग्ने बताउनुभयो ।

त्यसै क्रम व्हील चेयर पाएका मटिहानी नगरपालिका वड़ा नं. ३ का ५६ वर्षीय शुभनारायण साह र वड़ा नंबर ७ का १८ वर्षीय मधु मंडलले चेयर पाए पछि आफ्नो दिनचर्यामा सहयोग पुग्ने खुशी ब्यक्त गर्नुभयो ।

मटिहानी नगरपालिका अपाङ्ग समन्वय समितिका अध्यक्ष एवं नगर उप-प्रमुख मंजु देवी साहको अध्यक्षताम सम्पन्न कार्यक्रममा मटिहानी नगरपालिका वड़ा नं. ६, ७ र ८ का वड़ा अध्यक्ष क्रमसः कलीम अंसारी, जितनारायन माझी र मदन चौधरी,लोसपा केन्द्रीय सदस्य रामकुमार मंडल,नगर अध्यक्ष श्याम कुमार मंडल लगायतका बक्ताहरुले अपाङ्गहरुको समस्या बारे मनतब्य राख्नु भयो ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका शाखा प्रमुख दीपा दासले कार्यक्रम बारे प्रकाश पार्नुभयो ।

# पत्रकार महासंघको अध्यक्षमा पाँच जनाको उम्मेदवारी, कुन पदमा को?

**खबर दर्पण समाचारदाता**

**मंसीर २१ गते, बर्दिवास**

नेपाल पत्रकार महासंघको अध्यक्षमा पाँच जनाले उम्मेदवारी दिएका छन्।

महासंघको केन्द्रीय निर्वाचन समितिले शुक्रबार राति उम्मेदवारको नामावली सार्वजनिक गरेको छ। जसअनुसार, अध्यक्षमा कमल गिरी, देवीप्रसाद सापकोट, निर्मला शर्मा, रमेश विष्ट र लालसिंह (एलएस) लामाले उम्मेदवारी दिएका छन्।


त्यस्तै, वरिष्ठ उपाध्यक्षमा गोविन्दप्रसाद चौलागाई, दामोदरप्रसाद दवाडी, दिपक आचार्य र रोशन पुरीले उम्मेदवारी दिएका छन्। उपाध्यक्षमा महिलातर्फ गंगा पौडेल (बराल) र नितु पण्डित उम्मेदवार बनेका छन्। उपाध्यक्षमा समावेशीतर्फ उमिदप्रसाद बागचन्द, मोहनकुमार सिंह र सुभाषप्रसाद साहले उम्मेदवारी दिएका छन्। महासंघको महासचिवमा जन्मदेव जैशी, प्रकाश थापा, रामप्रसाद दाहाल र लेखनाथ न्यौपानेले उम्मेदवारी दिएका छन्। सचिवमा खुल्लातर्फ उत्तमसिंह विष्ट, कुमार ओझा, केदारनाथ भट्टराई, छविलाल दाहाल, बालकृष्ण अधिकारी, माधव दुलाल र रमेश खतिवडा उम्मेदवार बनेका छन्।

सचिवमा महिलातर्फ कल्पना शर्मा, सरिता बराइली र सोनी शर्मा, आदिवासी जनजातितर्फ टीकाराम प्रधान, भिसन राई र सविन प्रियासन, मधेशीतर्फ अशोककुमार तिवारी, प्रविणकुमार चौधरी र श्रीजन झा, दलिततर्फ प्रकाश धौलाकोटी, भीमबहादुर विश्वकर्मा, वसन्त विक र सन्तोषकुमार बराइली तथा एसोसिएटतर्फ योगेश खपांगी, रामकृष्ण ज्ञवाली र बैकुण्ठराज पराजुलीले उम्मेदवारी दिएका छन्।

कोषाध्यक्षमा रामकृष्ण अधिकारी, रामकृष्ण ज्ञवाली र शन्तराम विडारीले उम्मेदवारी दिएका छन्।

अध्यक्षदेखि कोषाध्यक्षसम्म एक एक पद रहेका छन्। महासंघको नेतृत्व चयनका लागि मंसीर २८ गते मतदान हुनेछ।

# हत्या र बलात्कार मुद्दामा पक्राउ पुर्जी जारी भएका व्यक्तिले कसरी जिते चुनाव ?



**खबर दर्पण समाचारदाता**

**मंसीर २१ गते, जनकपुरधाम**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर १ का नव निर्वाचित वडाध्यक्ष धीरेन्द्रकुमार साहलाई शपथग्रहण समारोहमै प्रहरीले पक्राउ गरेको छ। उनीमाथि बलात्कारपछि हत्या र अपहरणपछि हत्या जस्ता गम्भीर अभियोग लागेका थिए। साहले गत मंसिर १६ मा सम्पन्न उपनिर्वाचनमा जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार का रूपमा ६५२ मत ल्याएर वडाध्यक्ष पदमा विजय हासिल गरेका थिए।

गम्भीर अपराधमा संलग्न भएको आरोप लागेका साह खुलेआम मनोनयन दर्ता, प्रचारप्रसार, मतदान र मतगणना प्रक्रियामा सहभागी भए। चुनाव जितेपछि शपथग्रहणको तयारीमा रहेका बेला प्रहरीले उनलाई नियन्त्रणमा लियो।

**गम्भीर मुद्दाहरू**

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार साहमाथि तीनवटा गम्भीर अभियोग छन्। २०७८ चैत २२ मा एक स्थानीय महिलामाथि जबरजस्ती करणी र हत्या।


**अपहरणपछि हत्या।**

**बेपत्ता पार्ने र कर्तव्य ज्यानको घटना।**

यो विषयमा साहविरुद्ध गत साउन १५ मा अदालतले पक्राउ अनुमति दिएको थियो।

यो घटनाले नेपालको कानूनी प्रणाली र निर्वाचन प्रक्रियाको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ।

अभियोग लागेका व्यक्तिलाई मनोनयन, प्रचार र चुनावमा भाग लिन दिनु प्रशासनिक लापरबाही हो कि राजनीतिक संरक्षण ?




शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिवास मेडिकल हल
स्वस्तीक मेडिको प्रा. लि.
बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६
बर्दिवासमा पहिलो CT SCAN सेवा




जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता
- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,